**श्री**

# राजस्व न्यायाधिकरण काठमाडौं,मुकाम पुल्चोक ललितपुर

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

## फैसला

२०७७।०७८ सालको निर्णय नं. ५०

पुनरावेदन नं. ०७६-RB-००१७

**मुद्दाः– मु.अ.कर. (२०७१/०७२)**

का.जि.का.म.न.पा.१ नक्साल स्थित स्थायी लेखा नं ६००९९१२०१ का करदाता डाइलिम इण्डष्ट्रियल कं.लि. तथा केइरोङ्ग कंस्ट्रक्सन इण्डष्ट्रियल कं.लि.जे.भि .....१ } पुनरावेदक

**विरुद्ध**

श्री मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाडौं............................१

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौं......................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :विद्वान अधिवक्ता श्री महेश थापा

:विद्वान अधिवक्ता श्री तारादेव जोशी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट :विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- श्री मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल,काठमाडौं

शुरु निर्णय गर्ने अधिकारीः श्री प्रमुख कर प्रशासक झक्क प्रसाद आचार्य

शुरु कार्यालयको निर्णय मितिः–२०७५/१२/१५

श्री मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल काठमाडौंको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१ को उपदफा ४ बमोजिम प्रशासकिय पुनरावलोकनको निर्णय दिनुपर्नेमा नदिएकोले ऐ दफाको

उपदफा ५ तथा दफा ३२ बमोजिम दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

## तथ्य खण्ड

१. करदाता डाइलिम इण्डष्ट्रियल कं.लि. तथा केइरोङ्ग कंस्ट्रक्सन इण्डष्ट्रियल कं.लि.जे.भि.ले आर्थिक वर्ष २०७१/०७२ को लागि मुल्य अभिवृद्धि ऐन, २०५२ को दफा २०(१) अनुसार कर निर्धारण गरी मु.अ.कर नियमावली २०५३ को २९(१) बमोजिम कर, जरिवाना, ब्याज, तथा थप दस्तुर समेत जम्मा रकम रू. ३,४२,०३,९६२।००।—( तीन करोड बयालिस लाख तीन हजार नौ सय बैसठ्ठी रुपैया मात्र) को प्रारम्भिक कर निर्धारण आदेश मिति २०७५/१०/०८ मा जारी भई १५ दिनको म्याद दिई मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाडौंबाट भएको प्रारम्भिक कर निर्धारण आदेश।

२. मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाडौंबाट मिति २०७५/१०/०८ मा जारी भएको सूचनाको जवाफ मिति २०७५/१०/२२ मा पेश गरेको।

३. करदाताको जवाफमा आंशिक सहमत भइ मू.अ.कर रकम र जरिवाना समेतमा आंशिक परिवर्तन गरि करदातालाई आ.व. २०७१/०७२ का लागी मु.अ.कर नियमावली २०५३ को २९(३) बमोजिम कर रकम र जरिवाना समेत जम्मा रकम रू. ३,०७,६२,९१६।००।—( तीन करोड सात लाख बैसठ्ठी हजार नौ सय सोह्र रुपैया मात्र) दाखिला गर्न लगाउने भनी मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाडौं बाट मिति २०७४/०३/३० मा खडा भएको निर्णय पर्चा।

४. मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाडौंले मिति २०७४/०३/३० मा जारी गरेको आ.व. २०७१/०७२ को संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी डाइलिम इण्डष्ट्रियल कं.लि. तथा केइरोङ्ग कंस्ट्रक्सन इण्डष्ट्रियल कं.लि.जे.भिले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/०२/०८ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको।

५. पुनरावेदकले आन्तरिक राजस्व विभागमा निवेदन दिएको मितिले ६० दिनभित्र निर्णय दिनुपर्नेमा निर्धारित समयभित्र निर्णय नदिएकाले मु.अ.कर. ऐन, २०५२ को दफा ३१क(५) बमोजिम श्री राजस्व न्यायाधिकरणमा मिति २०७६।०४।२९ मा पुनरावेदन दिएको।

६. विपक्षी कार्यालयबाट पूँजिगत सम्पत्ति विजक जारी नगरी विक्री गरेको देखिएको भनी जुन आधार लिई कर निर्धारण गरिएको छ सो सम्पत्तिहरु विक्री गरेको नभई २०७२ साल बैशाख १२ गतेको र तत् पश्चातको ठूलो प्राकृतिक विपदको रुपमा आएको भूकम्पले क्षति पुर्याएको हो। भुकम्पबाट क्षति भएको भवनभित्र खरिद बिल विजक परि कर परिक्षणको सिलसिलामा खरिद विजक पेश गर्न नसकिएको हो। मू.अ.कर ऐन,२०५२ को दफा २९(२) मा उल्लेखित कुनै पनि कसूर हामी पुनरावेदकबाट भएको छैन र विपक्षी कार्यालयबाट सो प्रमाणित गर्नसक्नु भएको

अवस्था समेत नभएकोले विपक्षी कार्यालयबाट हचुवाको भरमा कर गणना र कानून विपरित जरीवाना निर्धारण गरिएकोले विपक्षीको निर्णय बदर गरी न्याय इन्साफ गरी पाउँ भन्ने समेत जिकिर लिई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३३ बमोजिम विवादित कर र जरिवाना रु.३,०७,६२,९१६।— को पचास प्रतिशत रु. १,५३,८१,४५८।— हुनेमा रु.१,५५,००,०००।— धरौटी स्वरुप नगद दाखिला गरी करदाताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७६।०४।२९ मा दर्ता भएको पुनरावेदन पत्र।

७. मुलुकी फौजदारी कार्यविधि २०७४ को दफा १४० (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नू भनी यस न्यायाधिकरणबाट मिति २०७७।०९।१७ मा भएको आदेश।

ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता डाइलिम इण्डष्ट्रियल कम्पनी लिमिटेड तथा केइरिङ्ग कन्स्ट्रक्सन इण्डष्ट्रियल कं.लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री तारादेव जोशी र श्री महेश थापाले विपक्षी कर कार्यालयबाट Civil Structure, Furniture and Office Equipment लगायतका अन्य पुजिँगत सम्पत्तिको विजक जारी नगरी विक्री गरेको भन्ने जिकिर लिई गरेको निर्णय कानूनसम्मत छैन, करदाताले उक्त सम्पत्ति विक्री गरेको नभई २०७२ सालमा गएको भूकम्पका कारण नष्ट भएको हो तसर्थ क्षति भएको नोक्सानीलाई उक्त कार्यस्थलबाट विक्री गरेको भनि कर निर्धारण गर्ने गरी शुरु कर कार्यालयबाट भएको निर्णय बदर गरी पुनरावेदन जिकिर बमोजिम गरी पाउँ भनि जिकिर प्रस्तुत गर्नुभयो। प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले शुरु कर कार्यालयबाट पुनरावेदक करदाताको हकमा मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा भएको संशोधित कर निर्धारणको आदेश कानूनसम्मत नै रहेको देखिँदा सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

९. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फका विद्वान अधिवक्ताहरु बाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, मध्यमस्तरीय करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा भएको संशोधित कर निर्धारणको आदेश मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१०. अव निर्णयतर्फ विचार गर्दा, पुनरावेदक करदाताबाट आ.व. ०७१/०७२ का लागि Civil Structure को हकमा रु.९,५३,५९,५७३/- Furniture and Office Equipment को लागि रु. ३५,४१,३३४/- र अन्य सम्पत्तिको लागि रु.१,८६,६३,५१५/- समेत गरी कूल रु.११,७५,

६४,४२३/- को पूजिगत सम्पत्ति ह्रास आधारबाट हटाएको वित्तिय विवरण पेश भएको देखिन्छ। करदाताबाट पेश भएको विवरणमा निसर्ग भएको सम्पत्तिको हानि नोक्सानी २०७२ सालको भूकम्पका कारण भएकोले मू.अ.कर ऐन,२०५२ को दफा १६(ख) तथा मू.अ.कर नियमावली, २०५३ को नियम ३९(क) बमोजिम करकट्टीका लागि मिति २०७२/०२/१० मा ठूला करदाता कार्यालयमा निवेदन समेत पेश गरेको देखिन्छ। भूकम्पबाट भएको क्षतिको विषयमा आन्तरिक राजस्व विभागले करदातालाई राहत प्रयोजनार्थ मिति २०७२/०१/२७ मा परिपत्र जारी गरी कर मिलानको लागि नोक्सानी घोषणा गर्ने अवसर प्रदान गरे बमोजिम म्यादभित्रै करदाताले ठूला करदाता कार्यालयमा निवेदन दाखिला गरेको विषयमा कुनै विवाद देखिदैन। जहाँसम्म तोकादेश बिना निवेदन दर्ता गराएको भनि शुरु कर कार्यालयबाट निर्णयमा जिकिर लिएतापनि करदाताबाट उल्लेखित बिषयको प्रयोजनार्थ निवेदन पेश गरेको कुरालाई अन्यथा मान्न मिल्ने देखिँदैन। साथै आन्तरिक राजस्व विभागबाट जारी भएको परिपत्रमा करदाताको व्यवसाय स्थल पूर्ण रुपमा क्षति भएको हो वा होईन भन्ने यकिन जानकारी दिनको लागि करदाताबाट निवेदन प्राप्त भएको १५ दिनभित्र निवेदनको परिक्षण गर्नुपर्ने व्यवस्था समेत रहेकोमा सो समेतको कार्य शुरु कार्यालयबाट भएको देखिएन।

११. करदाताको वासलातमा उल्लेखित सम्पत्ति विक्री गरी आयलाई लेखांकन गरेको नपाईएको कारणबाट करदाताले उक्त सम्पत्तिलाई विजक जारी नगरी विक्रि गरेको भनी जिकिर लिई शुरु कर कार्यालयबाट भएको निर्णयका सम्बन्धमा हेर्दा, वि.सं.२०७२ बैशाख जेठको भूकम्पका कारण भएको क्षतिको जानकारी करदाताले मिति २०७२।२।१० मा द.नं.८८२७ बाट गराएकोमा जिम्मेवार अधिकारीको तोक आदेश बिना दर्ता भएको र क्षतिको विवरण नबुझाई खाली निवेदन मात्र पेश भएको आधारमा सम्बन्धित अधिकारीबाट रुजु प्रमाणित नगरीकन करदाताको सम्पत्ती वास्तविक रुपमै नोक्सान भएको हो भनी मान्न सकिने अवस्था देखिन आएन भनी उल्लेख गरेको पाईयो। विभागको उल्लिखित परिपत्रमा कुनै करदाताको व्यवसाय स्थल पूर्णरुपमा क्षति भै पूर्ण विवरण उल्लेख गर्न नसकिने भएमा त्यसरी क्षती भएको हो वा होईन सो मात्र यकिन गरी जानकारी दिने, निवेदन प्राप्त भएको १५ दिनभित्र निवेदनको परिक्षण गर्ने व्यवस्था भएकोमा महाभूकम्पबाट क्षति भएको सम्पत्ती विक्री गर्ने र विक्री हुने थियो भन्ने अवस्थाको विद्यमानता र प्रमाण स्थापित नगरी केवल प्राविधिक कारणले सम्पत्ती निसर्ग भएको मानी कर निर्धारण गरिएको निर्णय वस्तुनिष्ठ तवरले प्रमाणित गर्न सकेको नदेखिँदा शुरु कार्यालयबाट पुनरावेदक करदाताको भूकम्पको कारण नष्ट भएको उक्त सम्पत्ति मू.अ.कर ऐन, २०५२ को दफा २०(१)(ज) बमोजिम विक्री गरेको ठहर गरी ऐ.ऐनको दफा २९(२) बमोजिम शत प्रतिशत जरिवाना तथा दफा १९ बमोजिम थप दस्तुर र दफा २६ बमोजिमको ब्याज समेत निर्धारण गर्ने गरी भएको निर्णय मिलेको देखिएन। विनाशकारी भूकम्पजस्तो राष्ट्रिय विपत्तीबाट भएको क्षतिको विषयमा परेको निवेदन तोकिए बमोजिम मौकामा छानविन गर्ने र

करदातालाई बेहोरा जानकारी गराउने कुनै कार्य नगरी एकैपटक हदैसम्मको जरिवाना सहित कर निर्धारण गरिएको देखिँदा करदातालाई उल्लिखित परिपत्र बमोजिम क्षतिको विवरण पेश गर्ने मौका दिई जे जो बुझ्नुपर्छ बुझी पुनःछानवीन गरी निर्णय गर्नु भनी शुरु कार्यालयमा लेखी पठाउनुपर्ने देखिन्छ।

१२. त्यसैगरी पुनरावेदक करदाताले विभिन्न करदाताबाट वस्तु तथा सेवा खरिद गरेको रकममा करकट्टी दावी गरेको तर कर परिक्षणको सिलसिलामा खरिद खाता र विजक परिक्षण गर्दा खरिद विजक पेश हुन नआएकोले सो खरिद रकम यथार्थ हो भनेर मान्न सकिने अवस्था नदेखिएको कारण करदाताबाट करकट्टी दावी गरे बराबरको रकमलाई मू.अ.कर ऐन, २०५२ को दफा २०(१)(घ) बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ५९(१)(क) बमोजिम २५ प्रतिशत जरिवाना, दफा १९ बमोजिम थप दस्तुर र दफा २६ बमोजिम ब्याज समेत निर्धारण गर्ने गरी भएको शुरु कार्यालयको निर्णयका सम्बन्धमा विचार गर्दा करदाताले भूकम्पका कारण सिर्जित परिस्थितिका कारण विल तथा विजकहरु भवनभित्रै पुरिन गई कर कार्यालयका पेश गर्न नसकेको भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ। साथै Auditor’s Report को लेखा टिप्पणीको Notes to Account को 3F मा पनि उक्त कुरा उल्लेख गरेको भन्ने करदाताको जिकिर रहेको देखिन्छ। साथै पुनरावेदक करदाताबाट खरिद भएका विजकहरुका सम्बन्धमा २०७१ फागुन र चैत्रमा दावी गरेको भनि कर कार्यालयबाट उल्लेख भएको तर कर निर्धारण २०७५/१२/१५ मा गरेको हुँदा ४ बर्षको हदम्याद नाघेको अवस्था रहेको कारण प्रत्यर्थी कार्यालयबाट प्रस्तुत मुद्दामा कर निर्धारण गर्न नमिल्ने भन्ने समेत जिकिर प्रस्तुत गरेको देखिन्छ। पुनरावेदक करदाताले पेश गरेको बिल बिजकहरुबाट भएको खरिद मू.अ.करमा दर्ता भएका नियमित करदाताहरु रहेको र ति करदाताहरुको विक्रिमा Mismatch लगायतका कुनै कैफियत नदेखिएको तथा भूकम्पका कारण सक्कल बिजक पेश गर्न नसकेको भन्ने समेतको बेहोरा उल्लेख गरेको देखिन आयो। यसप्रकार करदाताले पेश गरेको जवाफ तथा शुरु कर कार्यालयको संशोधित कर निर्धारणको निर्णय एवं यस न्यायाधिकरणमा परेको पुनरावेदन जिकिर समेतलाई विचार गर्दा प्रस्तुत विवादका विषयमा पुन छानविन गरी निर्णय गर्न उपयुक्त हुने देखिएको कारण शुरु कर कार्यालयको कर निर्धारण आदेश बदर गरी अव जे जो बुझ्नु पर्छ बुझी पुन कर निर्धारणका लागि शुरु कार्यालयमा पठाउनु पर्ने देखिन्छ।

१३. अत माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट यसमा स्थायी लेखा नं. ६००९९१२०१ भएका पुनरावेदक करदाता डाईलिम ईण्डष्ट्रियल क.लि. तथा केईरोङ्ग कन्स्ट्रक्सन ईण्डष्ट्रियल क.लि.को आ.व.०७१/०७२ को मू.अ.कर निर्धारणको सम्बन्धमा मध्यमस्तरीय करदाता कार्यालयबाट मिति २०७५/१२/१५ मा भएको निर्णय र सोका आधारमा सोहि मिति २०७५/१२/१५ मा करदातालाई दिएको सूचना मिलेको नदेखिँदा बदर भई पुन कर निर्धारणका लागि शुरुमा पठाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

तपसिल खण्ड

माथी ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता डाईलिम ईष्डष्ट्रियल क.लि. तथा केईरोङ्ग कन्स्ट्रक्सन ईष्डष्ट्रियल क.लि.को आ.व.०७१/०७२ को मू.अ.कर निर्धारणको सम्बन्धमा मध्यमस्तरीय करदाता कार्यालयबाट मिति २०७५/१२/१५ को निर्णयमा Civil structure, Furniture and Office Equipment तथा अन्य सम्पत्ति समेतको हकमा खर्च दावी अमान्य हुने एवं विभिन्न करदाताहरुबाट खरिद गरेको वस्तु तथा सेवाको रकममा करकट्टी दावीको सम्बन्धमा भएको निर्णय सो हदसम्म मिलेको नदेखिँदा बदर भई पुन छानविन गर्नुपर्ने ठहरेकाले जे जो बुझ्नु पर्छ बुझी पुन कर निर्धारण गर्नु भनि मध्यमस्तरीय कर कार्यालयमा लेखी पठाईदिनु......................................................................................१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु...............................................................................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनू............................................................३

विनोद शर्मा
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ ।

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

<u>लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईंको फरक राय</u>

१) मध्यम स्तरीय करदाता कार्यालय बबरमहल काठमाण्डौबाट भएको मिति २०७५।१२।१५ को निर्णय उपर मुल्य अभिवृद्धि कर ऐन¸२०५२ को दफा ३३ वा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा दर्ता गर्दा ऐ. ऐनको दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम निर्धारित विवादित कर रु. ३,०७,६२,९१६।-

को राख्नु पर्ने आधा रु. १,५३,८१,४५८।- अग्रिम रुपमा राजस्व खातामा दाखिलाभएको रकमलाई नै धरौटी दाखिला भएको भनी पुनरावेदकको पुनरावेदन पत्रमा खुलाई दर्ताका लागि स्रेस्तेदारबाट स्वीकृत भई पेश हुन आएको प्रस्तुत मुद्दाको अन्य संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

२) यसमा मूल्य अभिवृद्धि कर ऐन,२०५२ बमोजिम शुरु कार्यालयबाट थपनिर्धारित करको ५० प्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने व्यहोरा राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख छ। सो व्यवस्था बमोजिम राखिने धरौटी आर्थिक कार्यविधि नियमावली¸२०६४ को नियम ६२ बमोजिमको धरौटी खातामा दाखिला गरी पुनरावेदन दर्ता गर्दा राखिएको धरौटीको गोश्वारा र व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरी अद्यावधिक गरी राख्नु पर्ने हुन्छ। कर राजस्व वापत दाखिला गरेको रकमलाई सम्वन्धित कार्यालयले धरौटी बापत जम्मा गरेको र सो रकम जम्मा भएको हो भनी प्रमाणित भई नआएसम्म धरौटी राखेको हो भनी मान्न सकिने हुँदैन। आर्थिक कार्यविधि नियमावली¸२०६४ को नियम ६३ को देहाय खण्ड (क) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रुपमा बुझाउन र खण्ड (ख) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रुपमा बुझाउनु परेमा धरौटीको रुपमा राख्नु पर्ने उल्लेख छ।

३) राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख भए अनुसार पुरनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा सूर्य टोवाको कम्पनी प्रा.लि.को तर्फबाट सञ्चालक हर्ष एम दर र ऐ. कम्पनीको शेयरवाला शशीराज पाण्डे समेत विरुद्ध राजस्व न्यायाधिकरण काठमाण्डौ समेत भएको राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेतसँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरिपाउन भनी दिएको रिट नं २०६३-WS-००१३, २०६३-WS-००१४, २०६३-WS-००१५,२०६३-WS-००१६ र २०६३-WS-००१७ समेतका रिट निवेदनमा "राजस्व न्यायाधिकरणका स्रेस्तेदारको मिति २०६४।१२।८ को दरपीठ आदेश र उक्त दरपीठ सदर गरेको राजस्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानून बमोजिम निर्णय गर्नु भन्ने राजस्व न्यायाधिकरणका नाउँमा परमादेश जारी गरी पाऊँ, अन्तःशुल्क ऐन, २०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नु

पर्ने कुनै कानूनी व्यवस्था नगरिएको तथा ऐनको दफा २४ ले यस ऐनलाई अन्य कानून भन्दा माथिल्लो स्तरमा राखेकोले ऐनको सर्वोच्चताका आधारमा पनि धरौटी राख्नु पर्ने राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेत सँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरी प्रस्तुत निवेदनलाई अग्राधिकारमा पेशी चढाई पाउँ" भन्ने दावी रहेकोमा सो दावीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०६६।१२।१९ मा "संविधानमा रहेको 'कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने' भन्ने वाक्यांशसँग बाझिएको भन्ने देखिन आएन, अमान्य र बदर घोषित गरीपाउँ भनी दावी लिएको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिंदा सो हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ" भन्ने आदेश भई रिट निवेदन खारेज भई ऐनको दफा ९ को कानूनी व्यवस्थाको संवैधानिक परीक्षण समेत भएको छ।

४) यसै गरी राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन दर्ता नं ०७५-RB-०२३० आयकर (२०७०/०७१) दर्ता भएको आयकर ऐन,२०५८ को दफा १०१ को उपदफा (१) बमोजिम लक्ष्मी स्टिल्स प्रा.लि. को संशोधित कर निर्धारण भई थप कर निर्धारण भएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी राखी पुनरावेदन गर्नु पर्नेमा मिसिलमा संलग्न दाखिला भौचर तथा आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचना पत्र समेतका विवरणहरुका आधारमा रु. ५१,७८,७४६।७० नपुग भएको देखिएको धरौटी रकम १५ दिनभित्र जम्मा गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्ने भन्ने यसै न्यायाधीकरणबाट आदेश भएको छ। सो आदेश उपर लक्ष्मी स्टिल्स प्रा.लि.ले सर्वोच्च अदालतमा दायर रिट नं. ०७७-WO-००४२ को निवेदन उपर मिति २०७७।४।१६ मा सर्वोच्च अदालतबाट जारी भएको उत्प्रेषण आदेश अनुसार सो मुद्दाको हकमा आयकर ऐन,२०५८ बमोजिम अनिवार्यरुपमा दाखिला गर्नु पर्ने ऐ ऐनको दफा ९४, ९९, १००, १०१ र दफा ११५ को उपदफा (६) मा तोकिए अनुसार समेत कर राजस्व खातामा दाखिला गरी आय विवरण साथ दाखिला भएको देखिएको रु. ७६,३५,६१४।- भएको सन्दर्भमा हेर्दा मिति २०७६।११।१२ को (शुल्क र व्याजलाई जरिवाना मानी सो रकमको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम शतप्रतिशत धरौटी माग गर्दा ५० प्रतिशत मात्र धरौटी राख्न पाउनु पर्ने भनी भएको विवाद) विवादित आदेशको यथावत कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले उक्त विवादको निरोपण

नहुँदासम्म राजस्व न्यायाधिकरणमा परेको पुनरावेदन सम्बन्धी काम कारवाही नरोक्नु, पुनरावेदन दर्ता र सुनुवाई प्रकृया अगाडि वढाउनु भन्ने उक्त निवेदनमा भएको सम्मानित सर्वोच्च अदालतबाट उत्प्रेषण आदेश भएको छ।

५) सर्वोच्च अदालतबाटै ०७२-RB-०४७० आयकर (२०६१।६२) पुनरावेदक ठूला करदाता कार्यालय प्रत्यर्थी सूर्य नेपाल प्रालि विरुद्धको मुद्दामा मिति २०७४।१०। २९ गते भएको फैसला अनुसार "राजस्व न्यायाधिकरणले गरेको आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (६) बमोजिमको प्रक्रिया पुरा गर्नु नपर्ने भनी गरेको व्याख्या कार्यविधि कानूनको सिध्दान्त विपरीत हुन्छ। कारवाही हुँदाका बखत कार्यान्वयनमा नै नरहेको कानूनी व्यवस्था आकर्षित हुने भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई न्यायोचित भन्न मिलेन। अतः विवेचित तथ्य सिध्दान्त एवं प्रमाणको आधारमा आयकर ऐन, २०५८ को दफा ११५(६) को व्यवस्था आर्थिक अध्यादेश २०६१।६२ बाट खारेज भई धरौटी राख्ने व्यवस्था नगरेकोले आन्तरिक राजस्व विभागको निर्णय बदर गरी अब जो जे बुझ्नु पर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई कानूनसम्मत मान्न मिलेन। उक्त फैसला बदर भई उल्टी हुने ठहर्छ" भनिएको छ।

६) उल्लिखित सर्वोच्च अदालतबाट रिट नं. ०७२-RB-०४७० आयकर (२०६१।६२) र माथि उल्लिखित रिट नं २०६३-WS-००१३ समेतका रिट निवेदनमा भएको फैसला समेतका आधारमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिंदा आयकर ऐन, २०५८ को दफा ११५(६) मा तोकिए बमोजिमको रकम दाखिला गरेपछि मात्र प्रशासकीय पुनरावेदन लाग्ने र राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी जम्मा गरेपछि मात्र प्रशासकीय पुनरावलोकनको निर्णयको विरुद्धमा राजस्व न्यायाधिरणमा मुद्दा लाग्ने व्यवस्था भएकोले ऐनमा स्पष्टरुपमा तोकिएको र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसलामा उल्लेख भए अनुसार नै कर रकम र धरौटी रकम दाखिला भएको प्रमाण संलग्न गराएर मात्र दर्ता प्रकृया अगाडि बढाउनु पर्ने देखिन्छ। अतः सर्वोच्च अदालतको मिति २०६६।१२।१९ को आदेशबाट समेत संवैधानिक परीक्षण भई सदर ठहरिएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी नराखी राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्न नसक्ने भनी स्पष्ट व्याख्या, विश्लेषण र संवैधानिक परीक्षण समेत भएको अवस्था छ।

७) मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३१क को उपदफा (६) अनुसार प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष निवेदन दिंदा विवादरहित करको शत प्रतिशत रकम र विवादित करको एकतिहाई/चौथाइ रकम दाखिला

गर्न तोकिएको राजस्व शीर्षक नं ३३३१४ मा रु.५०,००,०००।- र ३३११४ मा रु.१,०५,००,०००।- समेत रु.१,५५,००,०००।- दाखिला भएको दुइवटा फोटोकपी भौचर मात्र मिसिलसाथ संलग्न रहेको देखिन्छ। संचितकोषमा बढी दाखिला भएको राजस्व रकम नै धरौटी हो भन्न मिल्ने व्यवस्था प्रचलित कानूनले गरेको छैन। प्रशासकीय पुनरावेदन गर्दा र सम्वन्धित आर्थिक वर्षको करको रुपमा राजस्व शीर्षक नम्वर नै उल्लेख गरी दाखिला भएको रकम वाहेक राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) वा मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३३ अनुसार पुनरावेदन गर्दा अनिवार्य रुपमा दाखिला गर्नु पर्ने धरौटी वापतको थप रकम आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६२ बमोजिमको धरौटी खातामा दाखिला गरी सोको भौचर मिसिलसाथ संलग्न भएको हुनुपर्नेमा सो समावेश भएको देखिएन।

८) कर निर्धारण गर्ने अधिकृतको कार्यालयले दिएको लिखित सूचनाको पत्रानुसार विवादरहित करका अतिरिक्त कर, शुल्क, जरिवाना तथा व्याज समेतको थप बुझाउनु पर्ने निर्धारित करको ५० प्रतिशतले हुने मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३३ वा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा त्यस्तो रकम निर्धारण गर्ने अधिकृतले तोकेको कार्यालयमा दाखिला गरेको धरौटीको सक्कल बैंक भौचर वा धरौटी खातामा रकम जम्मा भएको प्रमाणित गर्ने निस्सा मिसिलसाथ संलग्न हुनु पर्नेमा सो भएको छैन। पुनरावेदन दर्ता गर्न दाखिला गर्नु पर्ने धरौटी रकम दाखिला गरेको निस्सा समावेश रहे/नरहेको, धरौटी रकम पुगे/नपुगेको यकिन गरी धरौटीको सक्कल भौचर वा प्रमाणित निस्सा हेरेर मात्र पुनरावेदन दर्ता गर्नु पर्नेमा सो गरेको समेत देखिएन। सर्वोच्च अदालतबाट माथिल्लो प्रकरणमा उल्लिखित नजिर सिद्धान्त र सम्वन्धित ऐनका दफाहरु समेतका आधारमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिम थप निर्धारित (कर, शुल्क, व्याज र जरिवाना) विवादित कर रु.३,०७,६२,९१६।- को ५० प्रतिशतले हुने धरौटी रु.१,५३,८१,४५८।- दाखिला भएको नदेखिएकोले धरौटी दाखिलाको सक्कल बैंक भौचर वा निस्सा १५ दिनभित्र पुनरावेदकलाई पेश गर्न लगाई सो आदेश बमोजिमको काम सम्पन्न भएपछि वा सो अवधि नाघेपछि नियमानुसार पेश गर्ने आदेश गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट मिति २०७७।१०।०६ मा इजलाशमा व्यक्त गरिसकेको छु।

९) माननीय अध्यक्षज्यू र राजस्व सदस्यज्यूबाट पुनरावेदन नं ०७६-RB-००८५ को आयकर मुद्दामा मिति २०७७।१०।६ मा नै भएको आदेश अनुसार हालसम्म राजस्व खातामा दाखिला भइसकेको कुल कर राजस्व रकम संशोधित कुल निर्धारित कर (विवादरहित कर र विवादित कर, शुल्क, व्याज र जरिवानाको योग) को ५० प्रतिशत वा ५० प्रतिशत भन्दा बढी कर रकम राजस्व खातामा अग्रिम दाखिला गरेको देखिएमा पुनरावेदन गर्दा राख्नु पर्ने

थप धरौटी सम्बन्धमा बोलिरहनु परेन भन्ने आदेश नै बहुमत सदस्यको राय भएकोले सो आदेश रुलिङ्ग आदेश भएको राय व्यक्त गरी फैसला गर्ने निर्णय भएकोमा माननीय अध्यक्षज्यू र राजस्व सदस्यज्यूको उक्त राय तथा ठहरमा सहमत हुन सकिएन।

१०)मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३१क को उपदफा (६) मा तोकिए बमोजिमको राजस्व शीर्षकमा दाखिला भएको कर राजस्व रु.१,५५,००,०००।- मात्र जम्मा भएको देखिएकोले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राखु पर्ने धरौटी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६२, सर्वोच्च अदालतबाट रिट नं २०६३-WS-००१३ समेतका रिट निवेदन र मुद्दा नं. ०७२-RB-०४७०आयकर(०६१।६२) का फैसलामा भएको व्याख्या, विश्लेषण र प्रतिपादित सिद्धान्त तथा ठहर समेत बमोजिम पनि अनिवार्य रुपमा राखु पर्ने देखिएको धरौटी नराखेको यस मुद्दामा माननीय अध्यक्षज्यू र राजस्व सदस्यज्यूबाट भएको "मध्यमस्तरीय करदाता कार्यालयबाट मिति २०७५।१२।१५ मा भएको निर्णय र सोको आधारमा सोहि मिति २०७५।१२।१५ मा करदातालाई दिएको सूचना मिलेको नदेखिँदा बदर भई पुनः कर निर्धारणका लागि शुरु कार्यालयमा पठाउने ठहर" सहितको राय फैसलामा असहमति जनाउँदै निम्न फरक राय सहितको ठहर गर्दछुः-

११)मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३१क को उपदफा (६) बमोजिम अनिवार्य दाखिला गर्नु पर्ने कर राजस्व रकम सहित हालसम्म कुल रु. १,५५,००,०००।- मात्र सर्वसञ्चित कोषमा दाखिला गरेको मिसिलमा संलग्न रहेका दुईथान फोटोकपी भौचरबाट देखिएको छ। सो रकम बाहेक पुनरावेदन दर्ता गर्दा आवश्यक पर्ने ऐन बमोजिम तोकिएको धरौटी रकम दाखिला भएको देखिएन।मुल्य अभिवृद्धि कर ऐन,२०५२ बमोजिम थप निर्धारित कर रु.३,०७,६२,९१६।- को ऐ ऐनको दफा ३३ वा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) मा तोकिए अनुसार ५० प्रतिशतले हुने रु.१,५३,८१,४५८।- धरौटी नराखी लाग्नै नसक्ने पुनरावेदन दर्ता भएको देखिएकोले राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम प्रस्तुत मुद्दा दर्ता हुँदाका बखतदेखि नै खारेज हुने ठहर्छ। नियमानुसार गर्नू।

(पुष्प प्रसाद गुरागाईं)
लेखा सदस्य

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री प्रमोद रिजाल

ईति सम्वत् २०७७ साल माघ १३ गते रोज ३ शुभम् ------------------------------